प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

घरभाडामा लिने सम्बन्धी सूचना

प्रकाशित मिति २०८०।१०।२६

यस मन्त्रालयका माननीय मन्त्रीज्यूको आवास प्रयोजनका लागि तपसिलको मापदण्ड भित्रको घर भाडामा लिनुपर्ने भएको हुँदा ईच्छुक घरधनीबाट यो सूचना प्रकाशित भएको मितिबाट ७ दिन भित्र यस मन्त्रालयमा कार्यालय समयमा आईपुग्ने गरि आफुले लिन चाहेको बहाल दररेट खुलाई रीतपुर्वक निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

१. मन्त्रिज्यूको आवासको लागि कम्तिमा दुई वटा फ्ल्याट भएको घर हुनुपर्नेछ । प्रत्येक फ्ल्याटमा कम्तिमा एक वटा एटयाच ट्वाईलेट/बाथरुम भएको हुनुपर्नेछ साथै कम्तिमा एक वटा एटयाच सुविधायुक्त किचेन हुनुपर्नेछ ।

२. घर कम्तिमा एक वटा गाडी तथा केहि मोटरसाईकल पार्किङको सुविधा सहित विराटनगर महानगरपालिका वा बुढीगंगा गाउँपालिका क्षेत्रभित्र चारैतिर कम्पाउण्ड वालले घेराबारा भएको हुनुपर्नेछ ।

३. घरमा बिद्युत लगायत धारा, पानी, शौचालय तथा बाथरुममा यस मन्त्रालयबाट मर्मत सम्भार/रंगरोगन थप गर्न नपर्ने गरीको सुविधा हुनुपर्नेछ ।

४. मन्त्रीज्यूको आवास प्रयोजनार्थ उपयोग गर्न उपयुक्त हुने किसिमको हुनुपर्नेछ ।

५. घरधनीले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सो घर अवस्थित जग्गाको धनीपुर्जाको प्रतिलिपि, सो घरको स्वीकृत नक्सा तथा निर्माण सम्पन्नको पत्रको प्रतिलिपि, घरजग्गाको लाग्ने हाल सम्मको सबै किसिमको कर र दस्तुर चुक्ता गरेको प्रमाणको प्रतिलिपि सहित निवेदन पेश गर्नुपर्नेछ ।

६. आफुले भाडामा दिन चाहेको घर के कति मासिक भाडा दरमा उपलब्ध गराउन सकिने हो ? सोको उल्लेख गरि बहाल कर सहितको मासिक भाडा दर अंक र अक्षरमा खुलाई निवेदन पेश गर्नु पर्नेछ ।

७. बहाल रकमको सम्बन्धमा कोशी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ (संशोधन सहित) बमोजिम मन्त्रीज्युको सुविधा भित्र पेश गर्नुपर्नेछ ।

८. निवेदन पेश भएका घर भाडामा लिने तथा नलिने अधिकार मन्त्रालयमा निहित रहनेछ ।

अधिकृत दर्शी